'सुरक्षित भविष्यका लागि सञ्चय कोष'

# सञ्चयकोष

e-newsletter

। वर्ष ३ । अंक १० । २०७२ श्रावण, भाद्र र आश्विन

# कोषका प्रशासक पुरस्कृत



कर्मचारी सञ्चय कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य नगद १ लाख रुपैयाँ र प्रशंसापत्रबाट पुरस्कृत हुनु भएको छ । उहाँलाई सो पुरस्कार नेपाल सरकार बाट प्रदान गरिएको हो ।

सार्वजनिक निर्देशन बोर्डले निजलाई आ.व. २०७१। २०७२ को कार्यसम्पादन मूल्यांकनको आधारमा पुरस्कार योग्य देखिएकोले प्रशंशापत्र सहित पुरस्कृत गर्न नेपाल सरकार समक्ष सिफारिस गरेको थियो ।

**कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य (बायाँ)लाई प्रशंसापत्र प्रदान गर्दै अर्थसचिव सुमनप्रसाद शर्मा ।**

## सामाजिक सुरक्षा सुविधामा वृद्धि

२०७२ आश्विन १ गतेदेखि लागु हुने सामाजिक सुरक्षा सुविधाहरु :

| सामाजिक सुरक्षा शीर्षक | कायम भएको रकम रु |
|---|---|
| सञ्चयकर्ता औषधोपचार रकम : | रु. २५ हजार (सामान्य रोग) र रु. ५० हजार (कडा रोग)। |
| काज किरिया खर्च : | रु. ३० हजार । |
| सुत्केरी तथा शिशु हेरचाह खर्च : | प्रति प्रसुति ७ हजार ५ सय रुपैयाँ । |

.. समाचार पृष्ठ २ मा »

## भित्री पृष्ठमा

पृष्ठ २ : कोष समाचार
- पुल्चोकमा सञ्चयकर्ता सेवाकेन्द्र
- सामाजिक सुरक्षामा बृद्धि

पृष्ठ ४ : फोटो फिचर
- ५४ औं वार्षिकोत्सव समारोह

## सापटी सुविधामा सुधार

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताहरुलाई प्रदान गर्दै आएको सापटी सुविधाहरुमा वृद्धि गरी समयानुकुल सुधार गरेको छ । कोषको ५४ औं वर्ष प्रवेशको अवसरमा २०७२ आश्विन १३ गतेदेखि लागु हुने गरी गरिएको सुधारबाट आमसञ्चयकर्ता लाभान्वित हुने अपेक्षा कोषको रहेको छ ।

...बाँकी पृष्ठ २ मा »

# सामाजिक सुरक्षा सुविधामा वृद्धि



ठमेलस्थित कोषको सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताहरुलाई हाल प्रदान गरिरहेको सामाजिक सुरक्षा सुविधाहरुमा वृद्धि गरेको छ। कोषबाट सञ्चयकर्ताहरुलाई काज-किरिया खर्च, औषधी उपचार सहयोग कार्यक्रम र दुर्घटना क्षतिपूर्ति योजनामार्फत सामाजिक सुरक्षा प्रदान गरिँदै आएको छ।

२०७२ आश्विन १ गतेदेखि लागु हुने गरी यो सुविधा बृद्धि गरिएको हो। जस अनुसार सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २०७० को प्रकरण (५) बमोजिम सञ्चयकर्ताको औषधोपचारमा खर्च भएको रकमको शोधभर्नाको सीमा १५ हजारलाई वृद्धि गरी २५ हजार र ३५ हजारलाई वृद्धि गरी ५० हजार रुपैयाँ कायम गरिएको छ।

सञ्चयकर्ताको सेवाकालमा मृत्यु भएमा निजको हकवालालाई प्रदान गरिने काज किरिया खर्च साविकको २५ हजारलाई वृद्धि गरी ३० हजार रुपैयाँ कायम गरिएको छ। साथै कर्मचारी सञ्चय कोषका जगेडा कोष, कल्याणकारी कोष, निवृत्तिभरण कोष र अन्य कोषहरु सञ्चालन नियमावली, २०६२ को नियम ८ को उपनियम (१) (क) बमोजिम सञ्चयकर्ताको मृत्यु वा पूर्ण अंगभंग भएमा साविकमा प्रदान गरिदै आएको १ लाख रुपैयाँलाई वृद्धि गरी १ लाख २५ हजार रुपैयाँ कायम गरिएको छ।

यसैगरी कोषले नयाँ कार्यक्रमको रुपमा सुत्केरी तथा शिशु हेरचाह कार्यक्रम पनि लागु गरिएको छ। महिला सञ्चयकर्ता आफै वा सञ्चयकर्ताको पत्नी सुत्केरी भएमा यस कार्यक्रम अन्तर्गत तमाम नोकरी अवधिमा जम्मा २ पटकसम्म प्रति प्रसुति ७ हजार ५ सय रुपैयाँ सुत्केरी तथा शिशु हेरचाह खर्च प्रदान गरिने छ।

यो सुविधा प्राप्त गर्न सञ्चयकर्ताको नियमित कोषकट्टी भएको हुनु पर्छ। साथै सञ्चयकर्ताले शिशुको जन्म दर्ता प्रमाणपत्र वा अस्पतालको जन्म प्रमाणपत्रको प्रतिलिपि, सञ्चयकर्ता कार्यरत कार्यालयको सुत्केरी तथा सुत्केरी स्याहार विदा बसेको प्रमाणित पत्र, पति पत्नीको सम्बन्ध खुल्ने कुनै कागजात पेश गर्नु पर्ने छ। यो सुविधा लिनका लागि सञ्चयकर्ताले सुत्केरी भएको मितिले ६ महिना भित्र भुक्तानी दावी गरी सक्नु पर्ने छ।

# सापटी सुविधामा सुधार...

पृष्ठ १ बाट क्रमशः

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताहरुलाई प्रदान गर्दै आएको सापटी सुविधाहरुमा वृद्धि गरेको छ। नयाँ व्यवस्था अनुसार सञ्चयकर्ता घर सापटी तर्फ धितो मूल्यांकनबाट कायम भएको रकममा नवढने गरी सञ्चयकर्ता कार्यरत तह वा श्रेणीको तलवमान र सेवा अवधिको आधारमा, सेवाअवधि वा पदावधि १० वर्ष भन्दा कम भएका सञ्चयकर्ताहरुको हकमा १२ वर्षको तलव बराबर रकम वा सेवा अवधि वा पदावधि १० वर्ष वा सो भन्दा बढी भएका सञ्चयकर्ताहरुको हकमा १५ वर्षको तलव बरावर रकम प्रदान गरिने छ। घर सापटीको अधिकतम सीमा १ करोड रुपैयाँ तोकिएको छ।



त्यस्तै सञ्चयकर्ता सरल चक्र कर्जातर्फ धितो मूल्यांकनबाट कायम भएको रकममा नबढने गरी सञ्चयकर्ता कार्यरत तह वा श्रेणीको तलवमान र सेवा अवधिको आधार मा सापटीको न्युनतम सीमा ५ लाख र अधिकतम सीमा १० वर्षको तलव बराबर वा ३० लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सो रकम वरावर सापटी प्रदान गरिने छ।

त्यस्तै सञ्चयकर्ता विशेष सापटी अन्तर्गत साविकको व्यवस्थामा परिवर्तन गरी प्रत्येक वर्ष नवीकरण गर्न सक्ने व्यवस्था कोषले गरेको छ। यस अघि विशेष सापटी हरेक दुई वर्षको अन्तर मा लिन सकिने व्यवस्था रहेको थियो।

# पुल्चोकमा सञ्चयकर्ता सेवा केन्द्र उद्घाटन



कर्मचारी सञ्चय कोषका अध्यक्ष श्री सुमनप्रसाद शर्माले कोषको केन्द्रीय कार्यालय, पुल्चोकस्थित कार्यालय परिसरमा सञ्चयकर्ता सेवाकेन्द्रको उद्घाटन गर्नुभएको छ ।

कोष स्थापनाको ५४ वर्ष प्रवेशको अवसरमा भदौ ३० गते आयोजित एक कार्यक्रमबीच सेवा केन्द्रको उद्घाटन भएको हो । सो अवसरमा कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य लगायत बरिष्ठ अधिकृतहरुको उपस्थिति रहेको थियो । सेवाकेन्द्रको स्थापनाबाट ललितपुर जिल्ला लगायत पायक पर्ने सबै क्षेत्रका सञ्चयकर्ताहरु लाभान्वित हुनेछन् ।



सञ्चयकर्तालाई सेवा प्रदान गरी सेवाकेन्द्र उद्घाटन गर्दै कोष सञ्चालक समितिका अध्यक्ष सुमनप्रसाद शर्मा (बायाँ) तथा कोषका प्रशासक कृष्णप्रसाद आचार्य (दायाँ) ।

## बैदेशिक भ्रमण



कर्मचारी सञ्चय कोषका प्रशासक कृष्णप्रसाद आचार्य Public Pension & Investment Institute (PPI) ले ८ कार्तिक २०७२ देखी १४ कार्तिक २०७२ सम्म जापानको टोकियोमा सञ्चालित "Executive Seminar & Round Tabale" अर्न्तगत "New Economic Geography : Impact and Opportunities" विषयक कार्यक्रममा सहभागी हुनु भएको छ ।

कोषका प्रबन्धक (परियोजना विश्लेषण) मदन सुवेदी र प्रबन्धक नगेन्द्र प्रसाद पौडेल ILO ले २ कार्तिक २०७२ देखी ११ कार्तिक २०७२ सम्म मलेशियामा सञ्चालन गरेको "Designing and implementing unemployed benifits integrated with active labour market policies" विषयक वर्कशप कार्यक्रममा कोषको तर्फबाट सहभागि हुनु भएको छ ।

कोषका वरिष्ठ प्रबन्धक ओमकृष्ण श्रेष्ठ आईएलओ एशिया प्यासिफक र आईएलओ लेवर अर्गनाइजेशन काठमाडौंको संयुक्त आयोजनमा बैंककमा २८ भदौ २०७२ देखि १ असोज २०७२ सम्म ILO's study visit on social protection to Bangkok विषयक कार्यक्रममा सहभागी हुनु भएको थियो ।

कोषका नायव मुख्य अधिकृत विरेन्द्रमोहन भट्टराई र वरिष्ठ प्रबन्धक राजाराम श्रेष्ठ International social security (ISSA) र National health institute service को संयुक्त आयोजनामा दक्षिण कोरियामा २२ भाद्र २०७२ देखि २४ भाद्र २०७२ सम्म आयोजित ISSA Academy workshop on service quality विषयक वर्कशपमा सहभागी हुनु भएको छ ।

# कोषको ५४ औं वार्षिकोत्सव सम्पन्न




कार्यक्रमलाई सम्बोधन गर्दै माननीय अर्थमन्त्री डा. रामशरण महत ।

कर्मचारी सञ्चय कोष आफ्नो स्थापनाको ५३ औं वर्ष पूरा गरी ५४ औं वर्षमा प्रवेश गरेको छ । कोषले भाद्र ३१ लाई आफ्नो स्थापना दिनको रुपमा भव्य कार्यक्रमको आयोजन गरी मनाउँदै आएको छ। ललितपुरको पुल्चोकस्थित कोषको कार्यालयमा आयोजित कार्यक्रममा तत्कालीन अर्थमन्त्री डा. रामशरण महतले कोषको वित्तीय स्रोतको अधिकतम परिचालन र सञ्चयकर्ताहरुको हित अभिवृद्धि गर्न नेपाल सरकार प्रतिवद्ध रहेको बताउनु भयो । कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा कोषका अध्यक्ष तथा अर्थमन्त्रालयका सचिव सुमनप्रसाद शर्माले कोष मुलुककै सामाजिक सुरक्षा प्रदान गर्ने प्रमुख निकायका रुपमा स्थापित हुनेतर्फ उन्मुख रहेको भन्दै कोषबाट प्रदान गरिँदै आएको सामाजिक सुरक्षण कार्यक्रम र सापटी सुविधामा गरिएको वृद्धिको घोषणा गर्नु भएको थियो । नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जिवि नेपालले कोष मुलुककै स्थायी र भरपर्दो वित्तीय संस्था हुनुका साथै सामाजिक सुरक्षा प्रदायक संस्था पनि भएकाले मुलुकको पूर्वाधार लगायत सामाजिक सुरक्षाको विकासमा दिर्घकालीन दृष्टिकोण आवश्यक भएकोमा जोड दिनु भयो । कार्यक्रममा कोषका प्रशासक कृष्णप्रसाद आचार्यले कोषको वित्तीय प्रगतिका साथै कोषले अवलम्बन गर्दै आएका नीति र भावी योजनाबारे विस्तृत जानकारी गराउनु भएको थियो । कोषका मुख्य अधिकृत हसना शर्माले कार्यक्रममा सहभागीहरुको स्वागत गर्नु भएको थियो, भने का.मु.नायव मुख्यअधिकृत राजेन्द्र काफ्लेले कार्यक्रम सञ्चालन गर्नुका साथै कोषको सेवा र सुविधाबारे स्पष्ट पार्नु भएको थियो ।

कार्यक्रममा, कोषको सेवामा कार्यरत कर्मचारीहरुमध्ये २५ वर्ष सेवा अवधि पुरा गरेका कर्मचारीहरुलाई २५ वर्षे दिर्घ सेवा पदक, १५ वर्ष सेवा अवधि पुरा गरेकालाई १५ वर्षे सेवा पदक, प्रोत्साही पुरस्कार प्रदान गरिनुका साथै २०७१ सालको एस.एल.सी परीक्षामा उत्तिर्ण भएका कर्मचारीका छोराछोरीलाई शैक्षिक पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रममा कोषमा कार्यरत कर्मचारीलगायत वित्तीय क्षेत्रका प्रतिनिधि र अन्य आमन्त्रितहरुको गरिमामय उपस्थिति रहेको थियो ।








कार्यक्रमलाई सम्बोधनका क्रममा क्रमशः कोष सञ्चालक समितिका अध्यक्ष श्री सुमनप्रसाद शर्मा, गर्भनर डा. चिरञ्जिवि नेपाल र संस्थान समन्वय बोर्ड अध्यक्ष श्री बिमलप्रसाद वाग्ले ।

# फोटो फिचर




कार्यक्रमलाई सम्बोधन गर्दै कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य ।




सामुहिक फोटोसेसनको क्रममा २५ वर्षे दीर्घ सेवा पदक प्राप्त गर्ने अधिकृत एवं कर्मचारीहरु ।




मुख्य अधिकृत श्री राजेन्द्र काफ्लेका साथमा १५ वर्षे सेवा पदक प्राप्त गर्ने अधिकृत कर्मचारीहरु ।







२०७१ सालको एस.एल.सी. परीक्षामा उत्तिर्ण कोषका कर्मचारीका छोराछोरीहरुमध्ये ९०.५० प्रतिशतसहित प्रथम हुने अभिलाषा सुवेदी (छोरी मदन सुवेदी), विभवलाल प्रधान (छोरा शिवलाल प्रधान), अनुशा पौडेल (छोरी नवराज पौडेल) लगायत २६ जना विद्यार्थीहरुलाई उक्त कार्यक्रममा पुरस्कृत गरिएको थियो ।

## कोषको दुरदृष्टि
(VISION)

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तरराष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

## दीर्घकालीन लक्ष
(MISSION)

प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको सुप्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

•

नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रूपमा परिचित तुल्याउने ।

•

सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार *(A happy big family of satisfied members)* बनाउने ।

•

कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।

## व्यवस्थापकीय मूल्य मान्यता

- निष्पक्षता र तटस्थता *(Fairness and Neutrality)*
- जवाफदेहिता र पारदर्शिता *(Accountability and Transparency)*
- सेवाको गुणस्तरमा निरन्तर सुधार *(Continuous Improvement in Quality of Service)*
- कार्यदक्षता र प्रभावकारिता *(Efficiency and Effectiveness)*
- नतिजा उन्मुख *(Result Orientation)*
- सहकार्य र सहभागिता *(Team Work and Participation)*

## सम्पादन समूह

संयोजक
विभागिय प्रमुख श्री लक्ष्मीप्रसाद श्रेष्ठ

सदस्य
विभागीय प्रमुख श्री रोचन श्रेष्ठ

सदस्य
बरिष्ठ प्रबन्धक श्री जीवनकुमार कट्वाल

सदस्य
बरिष्ठ प्रबन्धक श्री हेमन्तराज अधिकारी

सचिव
शाखा अधिकृत श्री ओजस्वी गौतम

लेआउट/डिजाइनः
राजेन्द्रविक्रम के सी

**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ०१ ५०१०१८०
website : www.epfnepal.com.np